बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी

प्रदेश नं. १, नेपाल

पत्र संख्याः २०७९/८०

च. नं: 166

मितिः २०७९-०४-१५

बिषय : सेवा करारमा रोजगार संयोजक पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०७९।०४।१५ गते)

रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम यस बराहक्षेत्र नगरपालिकामा रोजगार संयोजक पदका लागि खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिदसहित यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

१) **पद** : रोजगार संयोजक (अधिकृत छैंटौं)

२) **माग संख्या** : १ (एक)

३) **आवश्यक न्यूनतम योग्यता** :

क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तिर्ण गरेको

ख) दरखास्त दिने मितिमा २१ वर्ष पुरा भई ४५ ननाघेको

४) **करार अवधि** : २०७९ पौष मसान्तसम्म (नविकरण हुन सक्ने)

५) **तलब** : नेपाल सरकारको नियमानुसार

६) **आवश्यक कागजातहरु** :

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति

ख) पासपोर्ट साइजको फोटो २ प्रति

ग) शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि १/१ प्रति

घ) कार्यानुभव र तालिम भए सोको प्रमाणपत्रको १/१ प्रति

७) **आवेदन दस्तुर** : रु.१०००।— (एक हजार मात्र)

८) **परिक्षाको किसिम** : लिखित र कम्प्युटर सिप परिक्षण

९) **प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन** : २०७९।०५।०१ गते

१०) **परिक्षा मिति, समय र स्थान** : पछि सूचना प्रकाशन गरिने छ ।

अन्य कुराहरु रोजगार संयोजकको पदपूर्ति र सेवा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ र आवेदन फारामको ढाँचा, रोजगार संयोजक पदको कार्यविवरण, पाठ्यक्रम लगायतका विस्तृत जानकारी बराहक्षेत्र नगरपालिकाको वेवसाइट www.barahamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि कार्यालय (प्रशासन शाखा) मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

सदस्य सचिव

रोजगार संयोजक पदपूर्ति समिति

देवेन्द्र शेखर मल्ल

प्रमुख प्रशासकीय अधिकृत